**Butwal Campus Journal, Vol. 8, No. 2: 111-121, December 2025**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v8i2.88225

# उत्तरवर्ती नेपाली कवितामा इतिहासपरक अन्तर्विषयकताको पुनर्व्याख्या

**ज्ञानु अधिकारी**
उपप्राध्यापक
त्रिवि, पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौं ।
shabdaga@gmail.com

## लेखसार

प्रस्तुत आलेखमा इतिहास अन्तर्विषय बनेर आएका केही प्रतिनिधिमूलक उत्तरवर्ती नेपाली कवितालाई पाठका रूपमा लिई ती कवितामा प्रयुक्त इतिहासपरक अन्तर्विषय विषयअन्तर्गत इतिहासको पुनर्व्याख्या अभिव्यञ्जित भएका कविताहरुको विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरेर अन्तर्विषयकताको निरूपण गरिएको छ । साठीको दशकयता प्रकाशित कविताकृतिभित्र समावेश भएका इतिहाससँग सम्बद्ध प्रतिनिधिमूलक कविताहरूको चयन गरी ती कवितामा अभिव्यक्त इतिहासको पुनर्व्याख्याको विश्लेषण र मूल्याङ्कन गर्नु यस अनुसन्धान लेखको उद्देश्य हो । अन्तर्विषयक सिद्धान्तका व्याख्याता जुली थम्प्सन क्लेइनको एउटा विषयसँग सम्बद्ध भएर अन्य विषयहरूको प्रवेश हुनु नै अन्तर्विषयकता हो र त्यसले मूल विषयलाई अझ प्रभावकारी बनाउँछ भन्ने सैद्धान्तिक मान्यतालाई आधार बनाई यो लेख सम्पन्न गरिएको छ । यसमा चयनित कविताहरूको विश्लेषणका लागि इतिहासपरकपरक अन्तर्विषयकताका आधारभूत मान्यताहरूलाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । त्यसका निम्ति इतिहासपरक अन्तर्विषयकताअन्तर्गत इतिहासको पुनर्व्याख्यालाई अवधारणात्मक ढाँचाका रूपमा उपयोग गरिएको छ । उत्तरवर्ती नेपाली कवितामा कविताको मूल विषयसँगै आएको इतिहासपरक अन्तर्विषयकताको प्रयोगले कवितालाई विषयगत व्यापकता र वैचारिक गम्भीरता प्रदान गरेको निष्कर्ष यसमा निकालिएको छ ।

**शब्दकुञ्जी :** अभिलेखीकरण, किनारीकृत नवइतिहासवाद, पुनर्व्याख्या, बहुविषयक ज्ञान ।

## विषयपरिचय

प्रस्तुत आलेख उत्तरवर्ती कवितामा अभिव्यञ्जित इतिहासपरक अन्तर्विषयकताको विविध पक्षमध्ये इतिहासको पुनर्व्याख्याको विश्लेषणमा केन्द्रित रहेको छ । अन्तर्विषयकता भन्नाले एउटा विषयसँग सम्बद्ध भएर अन्य विषयहरूको प्रवेश भई त्यसले मूल विषयलाई अझ प्रभावकारी बनाउनु हो । अन्तर्विषयकता हजारौँ अनुशासनात्मक विषय समेटेर निर्माण भएको एक छाता हो, जसमा विविध प्रकारका विधि, सिद्धान्त, प्रविधि, अनुसन्धान, विचार, क्षेत्र र विषयहरू सम्मलित भएर आएका हुन्छन् (क्लेइन, २००५, पृ. १९-२१) । यसरी साहित्यमा साहित्येतर अन्य विषयको प्रवेश हुनु साहित्यको अन्तर्विषयकता हो । कुनै पनि विषय आफैँमा पूर्ण र अन्तिम हुँदैनन् । अन्य विषयको अन्तर्मिश्रणले मात्र त्यो विषय पूर्ण हुन्छ भन्ने मान्यता अन्तर्विषयकताको रहेको हुन्छ । अन्तर्विषयकतामा प्रथम विषय र दोस्रा विषयहरू गरी दुई किसिमका विषय हुन्छन् । प्रथम विषय सामान्य हुन्छ भने दोस्रो विषय विशिष्ट हुन्छ र यही दोस्रो विषय नै सारतत्त्वका रूपमा रहेको हुन्छ (मोरान, २००२, पृ ३) भन्ने मोरानका मान्यतालाई उत्तरवर्ती नेपाली कवितामा प्रयुक्त इतिहासपरक अन्तर्विषयकताले पुष्टि गरेको छ ।

विगतका घटनावलीहरूको विवरण, वर्णन, व्याख्या र अभिलेखनलाई इतिहास भनिन्छ र यो क्रमबद्ध हुन्छ । साहित्यको जस्तै हरेक विषयको विकासक्रम पनि इतिहास नै हो । साहित्यमा इतिहासको प्रयोग कहीँ प्रत्यक्ष रूपमा र कहीँ साङ्केतिक वा अप्रत्यक्ष रूपमा परेको हुन्छ । कतै इतिहासका विषय वा घटनालाई नै विषय

बनाएर साहित्य र विशेषतः कविता लेखिनेभएकाले यसको अन्तर्विषयक प्रविष्टि विविधतामय हुन्छ भने कतै परोक्ष रूपमा नै ऐतिहासिक सन्दर्भहरू जोडिन आइपुगेका हुन्छन् । त्यसैले साहित्य र इतिहास पृथक्पृथक् विषयक्षेत्र भए पनि यी एकअर्कासँग जोडिएपछि वा साहित्यमा इतिहासले अन्तर्विषयकताका रूपमा प्रवेश गरेपछि इतिहास र साहित्यको अन्तर्घुलनले इतिहासलाई सृजनात्मक ढङ्गबाट बुझ्न मद्दतसमेत पुग्छ । जीवनमा मान्छे राजनीति र इतिहासबाट सधैं सम्पृक्त रहन्छ । त्यसैले साहित्यमा पनि इतिहासका घटना सन्दर्भहरू र लेखकलाई इतिहासले पारेको प्रभाव कुनै न कुनै रूपमा व्यक्त भएका हुन्छन् । राज्य र शक्तिसँग सम्बद्ध विविध पक्षहरू कृतिको केन्द्रमा ऐतिहासिक सन्दर्भ तथा सांस्कृतिक संवेदनाको विषय बनेर रहेका हुन्छन् (सुवेदी, २०७३, पृ.२२) त्यसैले साहित्यमा इतिहास स्वाभाविक रूपमा आउँछ । यसरी हेर्दा इतिहास र साहित्यका बिच परस्पर सम्बन्ध हुन्छ र साहित्यमा इतिहासका विभिन्न सन्दर्भ तथा घटनाहरु अन्तर्विषयका रुपमा प्रयोग भएका हुन्छन् । यहाँ इतिहासको पुनर्व्याख्यालाई कविताको अध्ययन गर्ने सूचकका रूपमा प्रयोग गरिएको छ । उत्तरवर्ती नेपाली कविताका अन्य विभिन्न पक्षमा अध्ययन भए पनि इतिहासपरक अन्तर्विषयकताका कोणबाट अध्ययन नभएको र त्यसै रिक्तताको पूर्तिका लागि यो अध्ययन गरिएको हो । प्रस्तुत अध्ययनमा कालगत सीमाङ्कनका दृटिले उत्तरवर्ती कालखण्डका कवितालाई आधार बनाइएको छ भने इतिहासपरक अन्तर्विषयकताका धेरै प्रतिमानहरूमध्ये इतिहासको पुनर्व्याख्याका प्रतिमानलाई मात्र आधार बनाइएको छ । समकालीन नेपाली कवितामा यस विषयमा अध्ययन भएको नदेखिएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण र उपयोगी देखिन्छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख साहित्यविषयक भएकाले गुणात्मक प्रकृतिको रहेको छ र यस अनुसन्धानका निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यसका लागि इतिहासपरक अन्तर्विषयकता अभिव्यञ्जित उत्तरवर्ती नेपाली कविहरूका कवितालाई प्राथमिक सामग्रीका रूपमा र अन्तर्विषयकताको सिद्धान्त तथा इतिहासपरक अन्तर्विषयकताका अवधारणाको रूपमा रहेको इतिहासको पुनर्व्याख्यासँग सम्बद्ध सामग्रीहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी पाठमा आधारित विषयको विश्लेषण गरिएको छ । यसरी प्राथमिक स्रोतबाट तथ्याङ्कहरूको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरिएको छ । सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी अध्ययनको सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि प्राथमिक र द्वितीयक दुवैप्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी उत्तरवर्ती नेपाली कवितामा अभिव्यञ्जित इतिहासको पुनर्व्याख्यासम्बद्ध विभिन्न पक्षहरूको विश्लेषण र निरूपण गर्न अन्तर्विषयकताका सैद्धान्तिक मान्यताभित्र रही त्यसैका आधारमा अवधारणात्मक ढाँचा निर्माण गरी चयनित कविताको विश्लेषण गरिएको छ ।

मानवजीवन र समाजका लुकेका घटना, गतिविधि, अवधारणा व्यक्तित्वहरूका क्रियाकलाप, भूमिका र तिनले पारेका समुच्च प्रभाव एवं तिनको व्याख्या विवेचनालाई इतिहास भनिन्छ भन्ने दृष्टिकोणबाट इतिहासलाई तथ्यहरूको निरूपणका रूपमा लिइएको छ । इतिहासले संज्ञानका क्षेत्रमा धेरै कुराहरू प्रदान गर्छ र यसलाई सामूहिक अनुभवहरूको स्रोत मानिन्छ । घटनाहरूको जानकारी दिनु, साहित्यिक कृतिहरूका माध्यमबाट तत्कालीन समाज र संस्कृति बुझ्न सहयोग गर्नु, सामाजिक, राजनीतिक परिवर्तनको व्याख्या गर्नु, अन्य संस्कृतिहरूलाई चिनाउनु, साहित्य, कला, संस्कृति आदिको पुनर्व्याख्याका लागि अवसर दिनु तथा वर्णनात्मक र कालक्रमिक पद्धतिका आधारमा साहित्यको विश्लेषण गर्ने प्रतिमानहरू प्रदान गर्नु इतिहासको विशेषता हो । इतिहासलाई अन्तर्विषय बनाएर लेखिएको कवितामा अन्य विविध पक्षहरूको प्रयोग भए पनि यहाँ मूलतः इतिहासको पुनर्व्याख्यालाई नै इतिहासपरक अन्तर्विषयकताको विश्लेषणको आधार मानी उत्तरवर्ती नेपाली कविताको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## इतिहासपरक अन्तर्विषयकताको सैद्धान्तिक पर्याधार

संस्कृतको 'इति' 'ह' र 'आस' को व्युत्पादनबाट इतिहास शब्द निर्माण भएको छ र यसको अर्थ इतिवृत्तहरूको निश्चयात्मक ज्ञान हो । ग्रिसेली भाषाबाट अङ्ग्रेजीमा आएको हिस्ट्री शब्दले अनुसन्धान, सूचना र आलोचनात्मक अध्ययनलाई जनाउँछ । ज्ञानका विभिन्न शाखाका रूपमा रहेका विषयहरूको अन्तर्मिश्रण हुनुलाई अन्तर्विषयका रूपमा मानिन्छ । त्यहाँ कुनै एक विषयमा अन्य विषयका सन्दर्भ, विचार, दृष्टिकोण, शैली, प्रविधि आदिको अन्तर्घुलन भएको हुन्छ । 'अन्तर्विषयकता हजारौं अनुशासनात्मक विषय समेटेर निर्माण भएको एक छाता हो, जसमा विविध प्रकारका विधि, सिद्धान्त, प्रविधि, अनुसन्धान, विचार, क्षेत्र र विषय सम्मिलित भएर आएका हुन्छन्' (क्लेइन, सन् २००५, पृ. १९-२१) । कुनै मुलुकका वा विश्वको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायतका अन्य पूर्वघटनाहरूको क्रमबद्ध वर्णन, पूर्वघटनाहरूको विश्लेषण र मूल्याङ्कन तथा व्याख्या-पुनर्व्याख्या गर्ने ज्ञानको शाखालाई कोशीय रूपमा इतिहास भनेर बुझिन्छ । इतिहास भनेको विगतलाई वर्तमानका आँखाबाट र त्यसका समस्याहरूका आलोकमा हेर्नु हो । इतिहासकारको कार्य तथ्यहरूको सङ्कलन वा रेकर्ड गर्नु मात्र होइन, मूल्याङ्कन गर्नु पनि हो (कार, सन् १९८७, पृ. १८) भन्ने कुरालाई आधार मानेर पछिल्लो समय इतिहासको नयाँ व्याख्यासमेत गरिन थालिएको छ । यसरी इतिहासको नवीन व्याख्याविश्लेषण गर्ने सैद्धान्तिक आधारका रूपमा नवइतिहासवाद स्थापित भएको छ । इतिहासविहीनलाई इतिहासको पानामा ल्याउने काम नवइतिहासवादीहरूले गरेका छन् । इतिहासमा कहिल्यै सोलोडोलो उपस्थिति नभए पनि टुक्राटुक्री वा खण्डखण्डमा छरिएर रहेका सीमान्तीकृतहरूको इतिहास लेख्नु कठिन काम हो (शर्मा, २०७७, पृ. ९२) । कुनै कृतिको विश्लेषण र मूल्याङ्कन तत्कालीन सामाजिक, सांस्कृतिक, आर्थिक इतिहासको सन्दर्भविना सम्भव हुँदैन भन्ने नवइतिहासवादको सिद्धान्त छ । नेपालको साहित्यिक इतिहास पनि नारी, दलित, जनजाति वा सर्वहारा वर्गको दृष्टिकोणबाट रचिने हो भने अहिलेका अधिकांश स्थापित मान्यताहरू भत्किएर विकल्पसहितका नयाँ इतिहासहरू तयार हुन्छन् (एटम, २०७४, पृ. १२१) । यसरी इतिहास लाई पनि परम्परित इतिहास र नवइतिहास गरी दुई किसिमबाट हेर्नुपर्ने हुन्छ । यसरी साहित्यमा प्रयोग भएका इतिहासपरक सन्दर्भहरूमा परम्परित इतिहास लेखनको पद्धतिभन्दा पर गएर नयाँ किसिमले इतिहासलाई हेर्ने र लेख्ने अवधारणाको विकास भयो र यसैलाई यहाँ इतिहासको पुनर्व्याख्याको अध्ययनका रूपमा अध्ययन विश्लेषण गरिएको छ ।

उत्तरवर्ती नेपाली कवितामा नवीन विषय र चिन्तनहरू व्यापक रूपमा प्रयोग हुँदैगइरहेका छन् । कवितामा प्रयोग भएका नवीन विषय र ज्ञानविज्ञानका विभिन्न क्षेत्रको विद्यमानता नै कवितामा प्रयुक्त अन्तर्विषयकता हो । उत्तरवर्ती कविहरूमा रहेको बहुविषयक ज्ञान र त्यसप्रतिको चेतना कवितामा पनि प्रकट भएको हुँदा उत्तरवर्ती कवितामा अन्तर्विषयकताको प्रयोग प्रभावकारी रूपमा भएको छ । मूलतः २०४६ पछिको राजनीतिक परिवर्तनसँगै उत्तरवर्ती नेपाली कवितामा अन्तर्विषयकताले क्रमशः प्रवेश पाउँदैजान थालेको हो । कुनै पनि व्यक्ति, समाज वा राष्ट्रको आफ्नै इतिहास हुन्छ । त्यसैले जुनसुकै साहित्यिक रचनामा पनि परोक्ष तथा अपरोक्ष रूपमा इतिहासको प्रयोग कुनै न कुनै रुपमा भएको हुन्छ । यसरी साहित्यमा प्रयोग भएका इतिहास पक्षको अध्ययन वा पठन गर्नुलाई नै इतिहासपरक अन्तर्विषयक पठन भनिन्छ । उत्तरवर्ती कवितामा ऐतिहासिक विषयको प्रयोग विभिन्न किसिमबाट भएको देखिन्छ । यहाँ इतिहासपरक अध्ययनका लागि उत्तरवर्ती नेपाली प्रतिनिधिमूलक कविताहरूको चयन गरिएको छ र तिनमा इतिहासको पुनर्व्याख्या केकसरी भएको छ भन्ने सूचकलाई आधार बनाई विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

इतिहासवादीहरूले साहित्य तथा गैरसाहित्यमा प्रयोग हुने इतिहासका सन्दर्भमा बनाएका मूल्य तथा मान्यताहरूप्रति असहमति राख्दै इतिहासलाई हेर्ने नयाँ दृष्टिकोण बनेको देखिन्छ र यो पछि आएर नवइतिहासवादका नाममा स्थापित भएको देखिन्छ । थोमस म्याक फारल्यान्डले साहित्यसँग दर्शनशास्त्रजस्ता इतर विषयहरू कहिलेकाहीँ सँगसँगै आउँछन्, कहिले तिनबाट अरू विषयहरू जन्मनेभएकाले उर्वर भएर देखिन्छन्, कहिले छुट्टिनै नसक्नेगरी मिलेर रहन्छन् र फेरि कुनै बेला ती

विषयहरू नितान्त पृथक्‌पृथक् किसिमले पनि रहन सक्छन् (क्लेइन, सन् २००५, पृ. ८८) भन्ने कुरा बताउँदै क्लेइनले दर्शन, समाजशास्त्र, इतिहास आदि अन्तर्विषयक ज्ञानशास्त्रका विशेषताबारे उल्लेख गरेका छन् । सन् सत्तरीको आरम्भदेखि इतिहासको अध्ययनमा एउटा तरङ्ग आयो । राज्यले लेखेको वा लेखाउन लगाएको इतिहासको विश्वसनीयतामाथि प्रश्न मात्र खडा भएनन् यसलाई चुनौती दिने मानसिकीको पनि विकास भयो (सुवेदी, २०७०, पृ.३४३) । परम्परागत रूपमा लेखिँदैआएको इतिहासमाथि मात्र नभएर साहित्यिक कृतिमा विषय बनेर आएको इतिहासका सन्दर्भ तथा घटनाहरूलाई पृथक् ढङ्गले व्याख्या विश्लेषण हुन थालेपछि नै इतिहासवादलाई उछिनेर नवइतिहासवादको प्रारम्भ भएको हो । साहित्यिक रचना वा कृतिहरूलाई त्यसभन्दा इतर विषयका आधारमा विश्लेषण गर्दा त्यस्तो अध्ययन अन्तर्विषयक हुन्छ । इतिहासपरक अध्ययन पनि यस्तै अन्तर्विषयक अध्ययन हो । उत्तरवर्ती नेपाली कवितालाई इतिहासपरक अन्तर्विषयकताका विभिन्न प्रतिमानहरूका आधारमा अध्ययन विश्लेषण गर्न सकिने आधारहरू छन् । तीमध्ये अध्ययन नभएको रिक्त विषय इतिहासको पुनर्व्याख्या हो । यस आधारमा उत्तरवर्ती नेपाली कविता अध्ययनीय छन् भन्ने कुरा माथिको विश्लेषणबाट स्पष्ट हुन्छ । इतिहासको पुनर्व्याख्या किन आवश्यक छ भन्ने कुराको उत्तर विश्लेषणमा आएका कवितांशहरूबाट स्पष्ट हुन्छ । इतिहास निर्माण गर्ने एकथरी सीमित मान्छेहरू हुन्छन् र इतिहास लेखिने बेलामा ती किनारामा पारिन्छन् । यसरी लेखिनुपर्नेका इतिहासलाई पन्छाएर नलेखिए पनि हुनेका इतिहास लेखिन थालेपछि इतिहासको अपव्याख्या हुन्छ । यस्तै अपव्याख्याहरूबाट बचाएर इतिहासको सही मूल्याङ्कनका लागि यसको पुनर्व्याख्या तथा पुनर्लेखन आवश्यक हुन्छ ।

## मेटिएको इतिहास र पुनर्मूल्यको खोजी

समकालीन नेपाली कवितामा एकातिर मेटिएको इतिहासलाई पुनः उत्खनन गर्नुपर्ने भाव अभिव्यक्त भएको छ भने अर्कातिर त्यसको पुनर्मूल्यको खोजी गरिएको कुरा पनि प्रस्तुत भएको पाइन्छ । यो समकालीन नेपाली कवितामा अभिव्यञ्जित इतिहासको नयाँ व्याख्याको बोध हो । अन्तर्विषयक अध्ययनमा यो नवइतिहासवादसँग जोडिन्छ । यसरी इतिहासको नयाँ व्याख्याका रूपमा विकसित भएको नवइतिहासवादको प्रभाव समकालीन नेपाली कवितामा पनि परेको देखिन्छ । तथ्य र प्रमाणले पुष्टि गर्न नसकिने इतिहास प्रायः साहित्यका माध्यमबाट अभिव्यक्त हुनेभएकाले साहित्यमा इतिहासका सन्दर्भहरू र इतिहासमा साहित्यको गौरवपूर्ण उपस्थिति पूरकका रूपमा आएकै हुन्छ (कार, सन् १९८७, पृ. ३७) । इतिहास अतीत र वर्तमान बिच निरन्तर चल्ने संवाद हो भन्ने इ एच कारको भनाइ साहित्यको सन्दर्भमा पनि महत्त्वपूर्ण मानिन्छ । ऐतिहासिक घटनाका गहिराइम्म पुगेर नसुनिएका, अपरिचित, अदृश्य आदि विविध किसिमका घटनाहरू, पात्रहरू र परिस्थितिहरूलाई समेटेर नै साहित्यमा ऐतिहासिक सन्दर्भ ल्याएर मेटिएको इतिहासको मूल्य खोजी लेखिनुपर्छ भन्ने कुरा इतिहासपरक अध्ययनले देखाउँछ । परम्परागत इतिहास जहिले पनि टुप्पाबाट लेखिने र यसले शासक राजा-महाराजा र त्यसवरिपरिका पात्र, घटना र परिस्थितिलाई मात्र लेख्नेभएकाले त्यसले कुनै पनि समय, परिस्थिति र अवस्थालाई अभिलेखीकरण गर्न सक्दैन, त्यसैले इतिहास फेदबाट लेखिनुपर्छ र तत्समयका भुँईमान्छे र किनारीकृतहरूलाई पनि इतिहासमा समेट्नुपर्छ भन्ने मान्यताका साथ पछिल्लो समय इतिहासपरक कविता लेखिएका छन् । यसरी इतिहासको पुनर्व्याख्या वा नयाँ व्याख्या गरी इतिहासलाई नै विषय बनाएर लेखिएका समकालीन नेपाली कविका केही कवितालाई यहाँ विश्लेषण गरिएको छ । यस्ता कविताको मूल कथ्य पुनर्मूल्यको खोजी हो भन्ने कुरा विश्लेषित कविताबाट स्पष्ट हुन्छ । यस सन्दर्भमा प्रोल्लास सिन्धुलीयको *जन्मजात बाहुनको विज्ञप्ति*मा सङ्गृहीत 'भत्केको नाक' कविताको अंश विश्लेषणीय छ :

> यो पौवागढी कसले बनाए ?
> विक्षिप्त जयस्थिति मल्लले
> कि मेरा परिश्रमी पुर्खाले
> बन्ने भत्किने, भत्किने बन्ने गर्दागर्दै

भग्नावशेष भएको यो गढी दरबार
पछिल्लोपटक बनाउने शिल्पी को हुन् ?
चन्द्रशम्शेर जबरा कि मेरा जिजुबा ?
...म शेरबहादुर गुर्मछान मगर
साढे दुई सय वर्षपछि
इतिहास खोज्न उभिएको छु पौवागढीमा । (सिन्धुलीय, २०७४, पृ.८४-८६)

प्रस्तुत कवितांशमा आफ्नो मेटिएको इतिहासको खोजीमा निस्किएका सर्वसाधारण सीमान्तीकृतहरूको विद्रोही आवाजलाई विषय बनाई जिन्दगीभर दुख गर्ने, सिर्जना गर्ने र हातका दश नङ्ग्रा खियाएर परिश्रम गर्ने पौरखीहरूको पसिनालाई उपेक्षा गरेर सत्ता र शक्तिको दुरुपयोग गर्दै आफ्नो नाम मात्र इतिहासमा लेखाउने शासक वर्गको प्रवृत्तिप्रति विरोध र असन्तुष्टि प्रकट गरिएको छ । यहाँ आफ्नो सिप र पौरख लगाएर बनाइएको पौवागढी कसले बनाए ? भनी प्रश्न गरिएको छ र विक्षिप्त अवस्थामा रहेका राजा जयस्थिति मल्लले बनाए कि मेरा परिश्रमी पुर्खाले बनाए ? भन्दै शासकहरूको ज्यादतीमाथि प्रश्न उठाइएको छ । साथै समयको यति लामो कालखण्डमा बन्ने अनि भत्किने र भत्किने अनि बन्ने गर्दागर्दै भग्नावशेष भएका यी पाटीपौवालगायत यो गढी दरबार पछिल्लोपटक बनाउने शिल्पी को हुन् ? भनी प्रश्न गरिएकाले विरोधको स्वरमा तीव्रता देखिएको छ र यो गढी दरबार पछिल्लोपटक राजदरबारमा ऐसआराम र सुविधाहरूले घेरिएर बसेका चन्द्रशमशेर जबराले त पक्कै बनाएका होइनन्, यो त मेरो जिजुबाले बनाएका हुन् भन्दै अब चन्द्रशमसेरजस्ता शासकको होइन, मेरा पौरखी जिजुबाको इतिहास लेखिनुपर्छ भन्ने विचार यस कवितांशमा व्यक्त गरिएको छ । यसरी आजको नयाँ पुस्ता शेरबहादुर गुर्मछान मगर साढेदुई सय वर्षपछि आफ्ना पौरखी पुर्खाहरूको मेटिएको इतिहास खोज्न शासकहरूलाई खबरदारी गर्न उभिएको सन्दर्भ प्रस्तुत गरिएकाले यहाँ इतिहास माथिबाट तलतिर होइन, तलबाट लेख्दै माथि जानुपर्छ र इतिहास बन्न सफल सर्वसाधारणहरूको पनि ससम्मान इतिहास लेखिनुपर्छ भन्ने कुरा अभिव्यक्त भएको छ । यस्तै इतिहासलाई अब परम्परित ढङ्गले होइन नयाँ किसिमले लेखिनुपर्छ भन्ने कुरालाई प्रस्तुत गरी इतिहासको पुनर्व्याख्या गरिएकाले यहाँ इतिहासपरक अन्तर्विषयकता नवीन किसिमले आएको देखिन्छ । इतिहासपरक अन्तर्विषयकताको प्रयोग गरी लेखिएका कविताहरूमध्ये अभय श्रेष्ठको *लहना र तीर*मा रहेको 'समानान्तर' कविताको अंश यसप्रकार छ :

जहाँ काटिएका थिए
हाम्रा पुर्खाका नाकहरू
जहाँ आफ्नै लयमा श्वास फेर्दा
गरिएको थियो रामलिहाङ र रिदामाको हत्या
जहाँ हाम्रा पुर्खालाई
ठानिएको थियो इतिहासमै सबैभन्दा मूर्ख
जहाँ हाम्रो हृदयको कोमल पत्रबाट
खोसिएको थियो देश
आज त्यहाँ भएको छ चेतनाको पुनर्जागरण ।
इतिहासमा भएका सारा अत्याचार बिर्सेर
म आएँ तिमीसँगै उभिन
तिमीसँगै गन्तव्यको प्रतिस्पर्धामा हिँड्न । (श्रेष्ठ, २०८०, पृ.७८)

उपर्युक्त कवितांशमा अब इतिहासलाई आग्रह र पूर्वाग्रहको भावले हेर्नुभन्दा पनि नयाँ कोणबाट हेरिनुपर्छ र अब नयाँ इतिहास लेखिनुपर्छ भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । इतिहासका केही क्रूरतम घटनाहरूको स्मरणसमेत गरिएको यहाँ बिना दोष र अपराधमा नै आफ्ना पुर्खाहरूको नाक काटिएको र आफ्नै माटोमा उभिएर आफ्नै लयमा श्वास फेरिरहेका रामलिहाङ र रिदामाको हत्या गरिएको सन्दर्भ उल्लेख गरी इतिहासले सीमान्तीकृहरूमाथि गरेको अनाचारलाई देखाइएको छ । साथै आफ्ना पुर्खाहरूलाई इतिहासमै सबैभन्दा मूर्ख मानिस ठानिएको र आफ्नै हृदयको कोमल पत्रबाट आफ्नो माटो र देश खोसिएको ऐतिहासिक

घटनालाई स्मरण गर्दै आज त्यही ठाउँमा उभिएर पनि त्यो इतिहासलाई भुलेर नयाँ इतिहास लेख्ने सपना पलाएको र त्यही ठाउँमा चेतनाको पुनर्जागरण भएको कुरा उल्लेख गरिएको छ । यसरी इतिहासमा भएका सारा अन्याय र अत्याचारहरूलाई बिर्सेर 'आफू' तिमीसँगै उभिन र 'तिमी'सँगै गन्तव्यको प्रतिस्पर्धामा हिँड्न आइपुगेको सन्दर्भले इतिहासलाई अब पुनर्व्याख्या गरेर लेख्नुपर्छ र इतिहास सबैको साझा र सबैको आफ्नो हुनेगरी बनाउनुपर्छ भन्ने विचार यस कवितांशमा व्यक्त गरिएको छ । यसरी इतिहासका परम्परित मान्यताप्रति असन्तुष्टि र नयाँ मान्यताको स्थापनामा जोड दिई इतिहासलाई मुख्य विषय बनाएर लेखिएकाले यस कवितांशमा इतिहासपरक अन्तर्विषयकताको सघन प्रयोग भएको छ र यसले कवितालाई वैचारिक रूपमा सबल र प्रभावकारी बनाएको छ । यस्तै ऐतिहासिक विषयसन्दर्भको प्रयोग गरी लेखिएको दुबसु क्षेत्रीको *अश्वमेध यज्ञका घोडाहरू*मा समाविष्ट 'कालो इतिहास विरुद्ध' कविताको अंश विश्लेषणीय रहेको छ :

मान्छे इतिहासविरुद्ध उभिएको छ
कालो इतिहासविरुद्ध उभिएको छ
कालो इतिहास पुराणमा पनि लेखिएको छ
कुरानमा पनि लेखिएको छ
कालो इतिहास वेदमा पनि लेखिएको छ
बाइबलमा पनि लेखिएको छ
कालो इतिहास रामायणमा पनि लेखिएको छ
महाभारतमा पनि लेखिएको छ
जित्नेहरूले लेखेका गाथाहरू हुन् इतिहास पनि
जित्नेहरूले लेखाएका वंशावलीहरू हुन इतिहास पनि
दरबारको अग्लो पर्खालभित्रको कालो अँध्यारोमा
लेखिएका काला गाथाहरू हुन्
यी इतिहास पनि । (क्षेत्री, २०६७, पृ.१६२-१६३)

माथि साक्ष्यका रूपमा प्रस्तुत गरिएको कवितांशमा शासकहरूले लेखेका तमाम कालो इतिहासको अब पुनर्व्याख्या र पुनर्मूल्याङ्कन हुनुपर्ने विचार व्यक्त गर्दै एक्काइसौँ शताब्दीका आजका मान्छेहरू इतिहासका बारेमा सचेत भइसकेको र उनीहरू झुटा र कालो इतिहासविरुद्ध उभिएर बोल्नसक्ने भइसकेको कुरा उल्लेख गरिएको छ । शासकहरूले आफ्नो महिमागान गराएर, आफ्नो तथाकथित वीरता र पराक्रमको स्तुतिगान गरेर लेखिएको र सर्वसाधारण तथा अन्यका योगदानलाई मेटाइएको इतिहासलाई कालो इतिहास नाम दिइएको छ र कालो इतिहासविरुद्ध अबका सचेत नागरिक अब नवीन विचार लिएर उभिएको सन्दर्भ यहाँ प्रस्तुत गरिएको छ । यहाँ यस्ता कालो इतिहास आदिकालदेखि नै लेखिँदैआएको र त्यो पुराण, कुरान आदिमा पनि लेखिएको सन्दर्भ प्रस्तुत गरी इतिहासलाई अब इतिहासका रूपमा मात्र लेख्नुपर्ने विचार व्यक्त गरिएकाले यस कवितामा इतिहासपरक अन्तर्विषयकताको सघन प्रयोग भएको छ । कालो इतिहास वेदमा, बाइबलमा, रामायणमा र महाभारतमा पनि लेखिएको छ भन्दै ती ग्रन्थहरूमा जेजति लेखिए ती जित्नेहरूले लेखेका र जित्नेहरूकै गाथाहरू हुन् भन्दै यहाँ आजसम्म इतिहासका नाममा जेजति इतिहास लेखिए पनि ती सबै जित्नेहरूले लेखाएका वंशावलीहरू भएको कुरा उल्लेख गरिएको छ र इतिहासभित्र नै इतिहास हराएको कुरा व्यक्त गरिएको छ । यहाँ देश र ऐतिहासिक घटनाका नाममा लेखिएका केही इतिहास पनि दरबारको अग्लो पर्खालभित्रको कालो अँध्यारो कोठामा बसेर र त्यहीँबाट कल्पना गरेर लेखिएका काला गाथाहरू भएको विचार व्यक्त गरी परम्परित इतिहासलेखनप्रति यस कवितांशमा तीव्र असन्तुष्टि व्यक्त गरिएको छ । यसरी इतिहास लेखनका नाममा शासकहरूको आआफ्ना स्वार्थको गाथा लेखिएको भन्दै इतिहासप्रति नै सन्देह र विरोध प्रकट गरिएको र इतिहासलाई नवीन चेतनासहित प्रस्तुत गरी इतिहासको अधिलेखनका रूपमा इतिहासपरक अन्तर्विषयकताको प्रयोग भएकाले यसबाट कवितालाई वैचारिक रूपमा सबल र प्रभावकारी बनाएको छ ।

### सर्वसाधारणको इतिहासप्रति सम्बोधनको अपेक्षा

सर्वसाधारणको इतिहासप्रति परम्परागत इतिहास मौन बसेको र त्यस्ता इतिहास असम्बोधित देखिएकाले त्सप्रति सम्बोधनको अपेक्षा गरिएको कुरा पनि समकालीन नेपाली कवितामा इतिहासको पुनर्व्याख्याका रूपमा अभिव्यक्त भएको पाइन्छ । यी कविताको विश्लेषणबाट इतिहास ऊर्ध्वमुखीबाट अधोमुखी होइन, अधोमुखीबाट ऊर्ध्वमुखी हुँदै माथि जानुपर्छ र सर्वसाधारणको इतिहास पनि सम्मानपूर्वक लेखिनुपर्छ । इतिहासलाई अपरम्परित र नयाँ तरिकाले लेखिनुपर्छ र इतिहासलाई सर्वस्वीकार्य र साझा बनाउनुपर्छ भन्ने चिन्तन यहाँ पाइन्छ । दरबारका गाथाहरूमा इतिहासको सीमितता हुने र परम्परित समेत हुनेभएकाले त्यस्तो इतिहासलेखनप्रति तीव्र असन्तुष्टि प्रकट हुनु यस्ता कविताको विशेषता हो । इतिहास लेखनका नाममा शासकहरूका गाथा मात्र लेखिनु इतिहासप्रतिको अपमान हो भन्ने कुरा पनि इतिहासपरक अन्तर्विषयकता भएका यस्ता कविताका विशेषता हुन् । सीमान्तीकृतहरूको इतिहास जहिले पनि अलिखित रहनेभएकाले यस्ता इतिहासमाथि पुनर्व्याख्या तथा पुनर्लेखनको आवश्यकता हुन्छ । प्रस्तुत अध्ययनले नवइतिहासवादी नवइतिहासवाद साहित्य र इतिहासबिचको सम्बन्ध खोज्दै साहित्यिक पठनका लागि र साहित्यिक पाठका माध्यमबाट विचारधारात्मक तथा राजनीतिक रुचि प्रस्तुत गर्न उपयोगी हुन्छ । नवइतिहासवादमा साहित्यिक पाठलाई भाषिक, सांस्कृतिक, सामाजिक तथा राजनीतिक रचनाको वर्णन र परीक्षणका लागि अन्य पाठलाई जत्तिकै महत्त्वका साथ लिइन्छ (घर्ती, २०८१, पृ. १०४) । साहित्यमा इतिहासको सन्दर्भ उल्लेख गर्नु मात्र मूल कुरो होइन, त्यहाँ कुन उद्देश्यले इतिहास लेखिएको छ, कसले त्यो इतिहास लेखेको छ र कसको इतिहास लेखिएको छ भन्ने कुराको खोजी गर्नु अझ महत्त्वपूर्ण भएको नवइतिहासवादीहरूको मान्यता छ । नवइतिहासवादको सामान्य परिभाषा साहित्यिक र गैरसाहित्यिक पाठको समानान्तर अध्ययननमा आधारित विधि हो । नवइतिहासवादले साहित्यिक पाठलाई विशिष्ट ऐतिहासिक अवस्थाको भौतिक उत्पादनका रूपमा र इतिहासलाई भौतिक ज्ञानका रूपमा नभई सुरक्षित ज्ञानका रूपमा लिन्छ । यस्तै ऐतिहासिक विषयसन्दर्भको प्रयोग गरी लेखिएको योग थुलुङ राईको *काङ्सोरेको पुनर्जन्म*मा रहेको 'भानु बाजेलाई उपदेश' कविताको अंश यसप्रकार छ :

> बाजे !
> तपाईं अमरावती कान्तिपुरी नगरी गइरहनुभएको रैछ
> त्यसैले हजुरले हिजो
> घाँसीको नाम लेख्न छुटाउनुभएको
> काव्यमा तिनको नाम थपेर सच्याउनुहोला
> र अहिलेका भानु बाजेहरूलाई पनि
> यही कुरा बुझाउनुहोला
> नत्र त सदैव ती काव्यहरू
> अधुरा अपुरा नै रहनेछन्
> बाजे ! आजको यो घाँसीबाट
> तपाईंलाई यो पो उपदेश भो । (राई, २०७६, पृ.६०)

प्रस्तुत कवितांशमा सर्वसाधारणको योगदान र विचारलाई इतिहासको पानामा मात्र नभई साहित्यको पानामा पनि नसमेटेकोप्रति असन्तुष्टि व्यक्त गरिएको छ र भानुभक्तलाई बाजे भनेर सम्बोधन गर्दै संवादात्मक शैलीमा उनले आफ्नो लिखित कृतिमा लेख्न छुटाएको पात्रप्रति अन्याय भएको कुरा व्यक्त गरिएको छ । यसरी यहाँ घाँसीको उपदेश सुनेर र ती घाँसीबाट प्रेरणा पाएका भानुभक्तले कान्तिपुर र धर्मका कुरा लेखिसक्दा पनि त्यो महान् विचार भएको, मानवतावादी र परोपकारी घाँसीका बारेमा कतै केही नलेखेको सन्दर्भ उल्लेख गरी यसरी सर्वसाधारणको महानतालाई इतिहासबाट नै मेटाउने गलत काम भएको कुरा व्यक्त गरिएकाले यहाँ इतिहासको पुनर्लेखन गर्नुपर्ने विचार व्यक्त गरिएको छ । यहाँ भानुभक्त आचार्य शासकहरूको पहुँचमा भएका र उनी अमरावती कान्तिपुरी नगरी गइरहनेभएकाले उनी नेपाली साहित्यको इतिहासमा आदिकवि हुन पुगेको र उनले सचेततपूर्वक घाँसीजस्ता सीमान्तीकृतहरूलाई लेख्न

छुटाएको कुरा यहाँ व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यस कवितांशमा प्रस्तुत गरिएको हिजो घाँसीको नाम लेख्न छुटाएका भानुभक्तलाई आफ्नो काव्यमा तिनको नाम थपेर सच्याउन सुझाव दिएको सन्दर्भले अब इतिहासको पुनर्व्याख्या र पुनर्निर्माण हुनुपर्ने आशय व्यक्त भएको छ । साथै, अहिलेका भानु बाजेहरूलाई अर्थात् इतिहासकारहरूलाई पनि इतिहास सबैको साझा हो र त्यसमा पहुँचका आधारमा विभेद गर्नुहुँदैन भन्ने कुरा बुझाउन भानुभक्तलाई अनुरोध गरिएको यस कवितांशमा यदि यसो गरिएन भने सदैव ती काव्य र इतिहासहरू अधुरा र अपुरा नै रहनेछन् भन्दै कविताका माध्यमबाट उपदेश दिइएको छ । यसरी इतिहासप्रतिको दृष्टिकोणलाई नै मुख्य विषय बनाएर लेखिएको यस कवितांशमा इतिहासमाथि पुनर्लेखनको आवश्यकता देखाइएकाले इतिहासपरक अन्तर्विषयकताको प्रयोग भएको छ र यसले कवितालाई वैचारिक रूपमा सबल र प्रभावकारी बनाएको छ । यस्तै ऐतिहासिक विषयसन्दर्भको कविताका रूपमा भवानी तावाको *न्वारन नभएको अक्षांश*मा रहेको 'इतिहास' शीर्षकको कविताका पङ्क्ति विवेच्य छन् :

अझै इतिहासका पानाहरू
फेरबदल हुन बाँकी नै छ
कवितामा इतिहासको दौडान
आफ्नोपन भएको छ
कथामा इतिहाको स्रोत
सङ्ग्रहालयमा सुरक्षित छ
उपन्यासमा इतिहासको लहर
रामायणमा झैँ लामो छ । (तावा, २०६०, पृ.४२)

प्रस्तुत कवितांशमा इतिहासका पानाहरूमा लेखिएका कुराहरूलाई सच्याउन आवश्यक भएको विचार व्यक्त गर्दै इतिहास र साहित्यको सम्बन्धलाई पनि परोक्ष रूपमा देखाइएको छ र इतिहासका पानामा नलेखिएका र इतिहासले उपेक्षा गरेका घटना र पात्रहरूलाई बरु धेरै अघिदेखि नै साहित्यमा लेखिनेगरेको सन्दर्भ उल्लेख गरिएको छ । यहाँ परम्परादेखि लेखिँदैआएको इतिहासप्रति सन्देह व्यक्त गर्दै यथार्थपरक, तथ्यपरक र सच्चा इतिहास लेखिनका लागि अझै इतिहासका पानाहरू फेरबदल हुन बाँकी नै छ भन्ने विचार व्यक्त गरिएको छ । सर्वसाधारण र किनारीकृत जनताले इतिहासमा आफ्नो अस्तित्व र उपस्थिति नपाए पनि कविले लेखेका कविताहरूमा उनीहरूले स्थान पाएको सन्दर्भ उल्लेख गरेर कवितामा लेखिएको इतिहासको दौडानमा उनीहरूले आफ्नोपन पाएको कुरा व्यक्त गरिएको छ । साथै यस कवितांशमा साहित्यका कथा उपन्यासजस्ता विधामा पनि अलिखित इतिहासलाई महत्त्व दिइएको, कथामा लिइने इतिहासका स्रोतहरू सङ्ग्रहालयमा सुरक्षित भएको र उपन्यासमा प्रयोग हुने इतिहासको लहर रामायणमा झैँ लामो हुने कुरा बताइएको छ । यसरी यस कवितांशमा इतिहास इतिहासका ग्रन्थहरूमा मात्र होइन इतिहास साहित्यिक कृतिहरूमा पनि लेखिएको हुन्छ र कतिपय अवस्थामा इतिहास साहित्यकारहरूले पनि लेखेका हुन्छन् भन्ने सन्दर्भ प्रस्तुत गरी अब वास्तविक इतिहासका लेखिएको कुराहरू सच्याउनुपर्ने र पानाहरू फेरबदल गर्नुपर्ने आशय व्यक्त गरिएको छ । इतिहासको पुनर्निमाण र पुनर्व्याख्याको आवश्यकता देखाइएकाले र इतिहासलाई नै कविताको मुख्य विषय बनाइएकाले यहाँ कविताभित्र इतिहासको अधिलेखन बनेर इतिहासपरक अन्तर्विषयकता आएको छ । यस किसिमको अन्तर्विषयकताले कविताको विचारगत र सौन्दर्यत पक्ष प्रभावकारी बनाएको छ । यस्तै इतिहासको पुनर्व्याख्याको विषयसन्दर्भ प्रयुक्त विमल वैद्यको *समय र सपनाहरू*मा समाविष्ट 'इतिहासको दुर्गम बाटोबाट' कविताको अंश यसप्रकार छ :

भन्थे उनीहरू,
इतिहास पुनर्लेखनको समय हो यो
पुराना मान्यताहरू भत्काएर
लिउनसहितको नयाँ पर्खाल
उभ्याउने समय हो यो
...मेरो भूगोल

आफ्नै प्रस्चर गर्भबाट
पुरानो इतिहासको दाप झिकेर
वर्तमानको गर्धन रेट्ने
तयारी गरिरहेछ
इतिहासको दुर्गम बाटो भएर
सुनकेस्रा सपनाहरू पूरा गर्न
हिँडेका हामी मान्छेहरू
पाइला पाइलामा इतिहास पछ्याउँदै छौँ
शब्दशब्दमा आफ्नै इतिहासको अभिलेख सार्दै छौँ । (वैद्य, २०७२, पृ.५८)

प्रस्तुत कवितांशमा इतिहास पुनर्लेखनको आवश्यकतालाई बोध गरी यसै सन्दर्भलाई मुख्य विषय बनाएर प्रस्तुत गर्दै इतिहासको पुनर्लेखन गर्नुपर्छ, इतिहास माथिबाट होइन तलैबाट लेखिनुपर्छ भन्ने विचार राख्नेहरू पनि आफू शक्ति र सत्तामा पुग्नेबित्तिकै पुरानै इतिहास दोहोऱ्याउन थालेको र पुरानै इतिहासको मार्ग पछ्याएको सन्दर्भ जोड्दै यसप्रति असहमति व्यक्त गरिएको छ । अहिलेका नयाँ शासकहरूलाई सम्बोधन गर्दै उनीहरूले पनि कुनै दिन अबको समय इतिहास पुनर्लेखनको समय भएकाले पुराना मान्यताहरू भत्काएर लिउनसहितको नयाँ पर्खाल उभ्याउने समय हो भनेर आवाज उठाएको भए पनि अहिले त्यस कुरालाई आत्मसात गर्न नसकेकोप्रति सङ्केत गरिएको छ र यस कवितांशमा इतिहास नदोहोऱ्याउनका लागि नवशासकहरूलाई चेतावनीसमेत दिइएको छ र यस कुरालाई .‘मेरो भूगोल आफ्नै प्रस्चर गर्भबाट पुरानो इतिहासको दाप झिकेर वर्तमानको गर्धन रेट्ने तयारी गरिरहेछ’ भन्ने प्रतीकात्मक वाक्यद्वारा स्पष्ट पारिएको छ । यस कवितांशमा सर्वसाधारण नागरिक र सीमान्तीकृत जनताका लागि शासकहरूले बनाएको इतिहासको दुर्गम बाटो हिँड्दैआएका र अबका दिनमा सुनकेस्रा सपनाहरू पूरा गर्न हिँडेका आम मान्छेहरूले फेरि पनि पाइलापाइलामा त्यही इतिहास पछ्याउँदै र शब्दशब्दमा शासकहरूकै इतिहासको अभिलेख सार्दैगरेको सन्दर्भलाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ । यसरी इतिहास लेखनका नाममा पहिलाका शासकहरूले जस्तै आजका शासकहरूले पनि आआफ्ना स्वार्थको गाथा लेख्ने हो भने इतिहासप्रति नै आम मान्छेको वितृष्णा र अविश्वास बढ्दैजानेछ भन्दै नयाँ लेखिने इतिहासप्रति पनि सन्देह प्रकट गरिएको छ । इतिहासको विषयलाई नवीन चेतनासहित प्रस्तुत गरिएको यस कवितांशमा इतिहासको स्थापित व्याख्याका व्यतिरेकमा नयाँ व्याख्याका साथ इतिहासपरक अन्तर्विषयकताको प्रयोग भएको छ र यसले कवितालाई वैचारिक रूपमा सबल र प्रभावकारी बनाएको छ । यस्तै विषयसन्दर्भ आएको कृष्ण प्रसाईंको *घाम नभएको बेला*मा समाविष्ट ‘म र मेरो हतियार’ अर्को कवितांश यसप्रकार छ :

जसरी,
आदर्श हुनुको बहानामा-
सीता हुनुको नामबाट,
म रामायणको युद्ध पनि भएँ
पोथी नाथे भनेर के गर्छौ र ?
पाञ्चाली हुनुको प्रतिशोधले
महाभारतकी विजेता पनि बनेँ
मेरो इतिहासले त्यही भन्छ-
मेरो स्वार्थका लागि
विषकन्या हुनुको दाँतहरूबाट
कैयौँ बादशाहहरू डसिएका छन्
थुप्रै जोइटिङग्रेकी स्वास्नी हेलेनहरूबाट
धेरै कोतहरू पनि रचिएका छन्
र, निर्दोष मान्छेहरू मारिएर,
सिङ्गै राष्ट्रहरू रगतले भिजेका छन्

...यसर्थ म सगर्व भन्न सक्छु  
मेरा हत्केलामा अहिले पनि सिङ्गै संसार नाच्न सक्छ । (प्रसाईं, २०६२, पृ.७७)

प्रस्तुत कवितांशमा इतिहासले स्थापित गरेर राखेका नारीको ऐतिहासिक सन्दर्भहरूलाई पुनर्व्याख्या गरी प्रस्तुत गरिएको छ । यहाँ इतिहासले नारीलाई आदर्शका रूपमा मात्र उभ्याएकोप्रति विमति जनाउँदै इतिहास पुरुषले लेखेको हुनाले त्यहाँ नारीहरूको यथार्थ नआएको कुरा व्यक्त गरिएको छ । नारीलाई आदर्शवान् बनाउने बहानामा इतिहासले जसरी अर्थ्याए पनि नारीहरू त्यस्तो नभएको र उनीहरू इतिहासमा देखाइएको भन्दा पनि शक्तिशाली भएको कुरालाई यहाँ सीता हुनुको नामबाट रामायणको युद्ध भएको सन्दर्भ प्रस्तुत गरेर देखाइएको छ । स्त्री वा पोथी नाथे भनेर इतिहासमा लेखिए पनि उनीहरू कहिले पाञ्चाली हुनुको प्रतिशोधले महाभारतकी विजेता पनि बन्छन् र सिङ्गो इतिहासको निर्माण गर्छन् भन्ने आशय व्यक्त गरिएको यस कवितांशमा वास्तवमा नारीको इतिहासले आफ्नो स्वार्थका लागि विषकन्या हुनुको दाँतहरूबाट कैयौँ बादशाहहरू डसिएका, जोइटिङ्ग्रेकी स्वास्नी हेलेनहरूबाट पीडित भएका र निरीह अबला भनिएका नारीहरूकै कारणले धेरै कोतपर्वहरू पनि रचिएका छन् भन्ने सन्दर्भ प्रस्तुत गरिएको छ । यसरी नारीहरूकै कारणले कैयौं निर्दोष मान्छेहरू मारिएर, सिङ्गै राष्ट्रहरू रगतले भिजेको यथार्थलाई इतिहासले छोपेको कुरा बताउँदै नारीहरूका हत्केलामा अहिले पनि सिङ्गै संसार नाच्न सक्छ र पनि यस सत्यलाई इतिहासले स्वीकार्न नसकेको र वर्तमान पनि यो सत्य मान्न तयार नभएको सन्दर्भ यहाँ व्याख्या गरिएको छ । यसरी इतिहासको पुनर्निमाण र पुनर्व्याख्याको आवश्यकता देखाएर यहाँ इतिहासलाई नै कविताको मुख्य विषय बनाइएकाले इतिहासपरक अन्तर्विषयकता आएको छ । यस्तो अन्तर्विषयकताले कविताको चिन्तनगत पक्ष प्रभावकारी बनाएको छ ।

## निष्कर्ष

साहित्यिक रचनामा एउटा विषयभित्र अर्को विषय अन्तर्भूत भएर आउनु अन्तर्विषयकता हो । समकालीन नेपाली कवितामा पनि यसरी नै अरू विषयहरूजस्तै इतिहासपरक अन्तर्विषयकता सबल बनेर आएको देखिन्छ र त्यसभित्र पनि इतिहासको पुनर्व्याख्या बढी सघन बनेर अन्तर्गर्भित भएको देखन्छ । विश्लेषित कवितामा इतिहासको पुनर्व्याख्या-पुनर्लेखनका रूपमा अधिलेखनको आवश्यकता अभिव्यक्त भएको पाइन्छ । वास्तविकता वा भित्री सत्यलाई अहिलेसम्मको इतिहासले स्वीकार गर्न नसकेको र वर्तमानमा पनि त्यही स्थिति देखिएका सन्दर्भमा यहाँ विश्लेषित कवितांश वा साक्ष्यहरूलाई आधार बनाएर यस कुरालाई पुष्टि गरिएको छ । इतिहासको पुननिर्माण र पुनर्व्याख्याको आवश्यकताको कुरा इतिहासको सही व्याख्याका लागि अपेक्षित देखिन्छ भन्ने निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त हुन्छ । उपर्युक्त सन्दर्भलाई प्रस्तुत गरेर इतिहासप्रति अन्याय गर्नुहुँदैन र यसबाट इतिहासको यथर्था मूल्यनिरूपण हुनुपर्छ भन्ने कथ्यमा विश्लेषित कविताहरू केन्द्रित छन् र यी कविताको कथ्य वा मूल विचार पनि यही हो । इतिहासको पुनर्लेखन, अधिलेखन, व्याख्या वा पुनर्व्याख्याहरू सत्यको नजिक हुनुपर्छ भन्ने कुरा उक्त कविताहरूको केन्द्रीय कथ्य हो । यस्तो व्याख्याबाट इतिहासप्रति सही मूल्याङ्कन भई स्थापित दृष्टिकोणमा नै परिवर्तन आउँछ । माथि विश्लेषणमा आएका कवितांशहरूमा खास गरेर शासकीय इतिहासमाथि पुनर्लेखनको आवश्यकता औँल्याइएकाले बहुआयामिक रूपमा इतिहासपरक अन्तर्विषयकताको प्रयोग भएको पाइन्छ र यसबाट यी कविता वैचारिक रूपमा सबल र प्रभावकारी बनेको देखिन्छ । आफ्नो इतिहास नलेखिएकामा त्यसका विरुद्ध आवाज मुखरित गर्न नसक्नेहरूका तर्फबाट समकालीन कविहरूले इतिहासपरक अन्तर्विषयकताको प्रयोग गरी यसको पुनर्लेखन, अधिलेखन र पुनर्व्याख्या गर्नुपर्छ भन्ने स्वर बाहिर ल्याउनुपरेको निष्कर्ष उत्तरवर्ती नेपाली कविताको अध्ययनबाट स्पष्ट हुन्छ । इतिहासपरक अन्तर्विषयकता कवितामाथि अत्यन्त कम अध्ययन भएको विषय हो र लिखित अलिखितजस्तो इतिहास भए पनि शासकवर्गले आफ्नो अनुकूल इतिहास बनाउनेभएकाले सर्वसाधारणको इतिहासप्रतिको सम्मान समकालीन नेपाली कवितामा पाइन्छ । आजका नेपाली कविता सर्वसाधारणको इतिहासप्रति बढी संवेदनशील छन् भन्ने कुरा यी कविताको अध्ययनबाट प्राप्त हुन्छ । इतिहास राजनीतिक व्यक्तिपरक, स्थानिक, वीरता आदि जुनसुकै भए पनि त्यो शासक र शासितसँग जोडिएको हुन्छ भने त्यो कि

लिखित रूपमा कि अलिखित रूपमा रहेको हुन्छ । समकालीन नेपाली कविहरू इतिहासको अधिमूल्यन र अवमूल्यनबाट टाढा रहेर यसको सही रूपमा पुनर्लेखन र पुनर्व्याख्या हुनुपर्छ भन्ने कुरामा दृढ देखिन्छन् । यो कुरा यी कविताको अध्ययनबाट प्राप्त अर्को उपलब्धि हो । मेटिएको इतिहासको पुनर्मूल्यको खोजी र सर्वसाधारणको इतिहास सधैँ उपेक्षित रहेको र त्यस्ता इतिहास मूलप्रवाहको इतिहासमा असम्बोधित देखिएकाले त्यसप्रति सम्बोधनको अपेक्षा गरिएको कुरा उपर्युक्त कविताको विश्लेषणबाट स्पष्ट हुन्छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत अनुसन्धानात्मक लेख विश्वविद्यालय अनुदान आयोगले प्रदान गरेको 'समकालीन नेपाली कवितामा अन्तर्विषयकता' शीर्षकको विद्यावारिधि कार्यक्रमअन्तर्गत गरिएको अनुसन्धानमा आधारित छ । यसका लागि म विश्वविद्यालय अनुदान आयोग, सानोठिमी भक्तपुर र सहकार्यका लागि पद्मकन्या बहुमुखी क्याम्पस बागबजारप्रति कृतज्ञताज्ञापन गर्दछु ।

## सन्दर्भसूची

*अधिकारी, ज्ञानु (२०७८). समकालीन नेपाली कवितामा पहिचानको स्वर.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

क्षेत्री, दुबसु (२०६७). *अश्वमेध यज्ञका घोडाहरू.* ललितपुर : साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०८१). *सांस्कृतिक अध्ययन.* काठमाडौँ : इन्डिको इन्क प्रा.लि. ।

तावा, भवानी (२०६०). *न्वारन नभएको अक्षांश.* काठमाडौँ : श्रीमती चन्द्रकुमारी तावा ।

प्रसाईं, कृष्ण (२०६२). *घाम नभएको बेला.* काठमाडौँ : जरा फाउण्डेसन ।

राई, थुलुङ योग (२०७६). *काङ्सोरेको पुनर्जन्म.* काठमाडौँ : शीतल लिम्बू ।

वैद्य, विमल (२०७२). *समय र सपनाहरू.* काठमाडौँ : शैलुङ बुक्स प्रा. लि. ।

शर्मा, मोहनराज (२०७८). *समालोचनाको नयाँ कोण.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन ।

श्रेष्ठ, अभय (२०८०). *लहना र तीर.* काठमाडौँ : बुकहिल पब्लिकेसन ।

सिन्धुलीय, प्रोल्लास (२०७४). *जन्मजात बाहुनको विज्ञप्ति.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

Carr. E.H (1987), *What is History.* (2nd edn), London : Penguin Group.

Klein, Thompson juile (2005), *Humanities, Cutural, and Interdisciplinarity The Changing* American Academy, State University of Newyork Press.

Moran, Joe (2002). *Interdiciplinarity*, London : Routledge, Taylor and Francis group.